# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १०, संख्याः २, मितिः २०८३/०४/०१

## भाग–१

## भरतपुर महानगरपालिकाको विनियोजन ऐन, २०८३

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका विनियोजन ऐन, २०८३

**सभामा पेश भएको मिति २०८३/०३/०८**
**पारित मिति २०८३/०३/१०**

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका, चितवन आ.व. २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम भरतपुर महानगरपालिका नगरसभाको १९ औं अधिवेशनबाट पारित भई भरतपुर महानगरपालिका विनियोजन ऐन, २०८३ जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१) यस विधेयकको नाम **भरतपुर महानगरपालिका विनियोजन ऐन, २०८३ रहेको छ ।**

२) यो ऐन २०८३ साल श्रावण १ गते देखी लागु हुनेछ।

## २. आर्थिक वर्ष २०८३/८४ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

१) आर्थिक वर्ष २०८३/८४ को नगर कार्यपालिका, वडा कार्यालय, विषयगत महाशाखा तथा शाखाले गर्ने सेवा र कार्यहरुका लागी जम्मा रकम रू ५ अर्व ५१ करोड ७० लाख २३ हजार ४ सयमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषवाट विभिन्न खर्च खाताहरुमा स्थानान्तरण गरी खर्च गर्न सकिनेछ।

## ३. विनियोजनः

१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को भरतपुर महानगरपालिका, नगर कार्यपालिका, वडा कार्यालय र विषयगत महाशाखा तथा शाखाले गर्ने सेवा र कार्यहरुको लागी विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा कार्यालय र विषयगत महाशाखा तथा शाखाले गर्ने सेवा र कार्यहरुको विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दाबढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

---

आज्ञाले,
बीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत